कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive

कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
*Lumbini Province, Nepal*

पत्र संख्या / Ref No :- ०८३।८४
चलानी नं. / Dispatch No.:- –

## हार्दिक अपिल !!!

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाबाट जारी मौसम पूर्वानुमान तथा विशेष सूचना अनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतवारसम्म यस पालिका क्षेत्रमा समेत मेघगर्जन/चट्याङ्ग/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा अति भारी वर्षा समेत हुन सक्ने सम्भावना रहेको सूचनाका सन्दर्भमा संभावित विपद्को पूर्व तयारीका लागि मिति २०८३ असोज ०८ गते कञ्चन गाउँपालिकामा बसेको सरोकारवाला निकायहरुको समन्वयात्मक बैठकबाट देहाय बमोजिम रहने गरी विपद् पूर्व तयारीका सन्दर्भमा सम्भावित जोखिमयुक्त क्षेत्रमा डुवान तथा पहिरोको जोखिम बढ्न सक्ने अवस्थालाई मध्यनजर गर्दै यस गाउँपालिकाभित्र बसोबास गर्ने सम्पूर्ण नागरिक तथा सरोकारवाला निकायहरूलाई उच्च सतर्कता अपनाई आवश्यक पूर्वतयारी गर्नुहुन हार्दिक अपिल गर्दछौं।

**सम्पूर्ण नागरिकहरूमा अनुरोधः**

- पालिकाको कञ्चन नदि, कोठीखोला लगायतका नदि तटीय क्षेत्र तथा संभावित जोखिमयुक्त स्थानमा वसोवास गर्ने नागरिकहरूले विशेष सतर्कता अपनाउनुहुन तथा आवश्यक परे सुरक्षित स्थानतर्फ स्थानान्तरण हुन तयार रहनुहुन साथै अत्यावश्यक काम बाहेक जोखिमयुक्त क्षेत्रमा आवतजावत तथा यात्रा नगर्नुहुन र वर्षाको समयमा खोला, नदी तथा जोखिमयुक्त सडक पार नगर्नुहुन,
- मेघगर्जन, चट्याङ् तथा हावाहुरीका समयमा सम्भव भएसम्म घरभित्र सुरक्षित स्थानमा रहनुहुन तथा खुला स्थान, रुखमुनि, विद्युत् पोल तथा अन्य जोखिमयुक्त संरचनाको नजिक नवस्नुहुन,
- घर, गोठ तथा अन्य संरचनामा पानी पस्ने, पहिरो जाने वा अन्य जोखिम देखिएमा वा विपद्का कारण कुनै समस्या उत्पन्न भएमा आफू सुरक्षित रहँदै तत्काल नजिकको वडा कार्यालय, प्रहरी वा गाउँपालिकालाई जानकारी गराई उद्धार तथा राहत कार्यमा आवश्यक समन्वय गर्नुहुन,
- सम्भावित विपद्को समयमा सूचना, सुरक्षा र पूर्वतयारी नै क्षति न्यूनीकरणको महत्वपूर्ण आधार भएकाले अफवाह तथा अपुष्ट सूचनाको पछि नलागी सम्वन्धित सरकारी निकायबाट जारी हुने आधिकारिक सूचना तथा पूर्वानुमानलाई मात्र आधार मान्नुहुन,

**जनप्रतिनिधि तथा कर्मचारीहरूमा अनुरोधः**

- गाउँपालिका तथा सबै वडा कार्यालयका जनप्रतिनिधि एवं सबै कर्मचारीहरू (विशेष गरी पूर्वाधार शाखा अन्तर्गत कर्मचारीहरु) लाई आ-आफ्नो कार्यक्षेत्रमा सम्भावित विपद्को जोखिमको निरन्तर निगरानी गर्दै आवश्यक पूर्वतयारी अवस्थामा रहन, जोखिमयुक्त बस्ती तथा स्थानको अवस्था बुझ्न तथा आवश्यकता अनुसार उद्धार, राहत र व्यवस्थापनका कार्यमा परिचालित हुनुहुन,
- सम्बन्धित वडा कार्यालयहरूले आ-आफ्नो वडाभित्र सम्भावित आश्रयस्थल/सुरक्षित स्थानको पहिचान गरी आवश्यक व्यवस्थापन तथा तयारी अवस्थामा राखुहुन,

२०८३।६।८
नवराज ढकाल
गा. पा. अध्यक्ष

**Website:** www.kanchanmun.gov.np **E-mail:** kanchangaupalika@gmail.com

कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या / Ref No :- ०८३/८४
चलानी नं. / Dispatch No.:- –

**विद्यालय तथा शैक्षिक संस्थाहरूमा अनुरोधः**

- सम्भावित वर्षा तथा विपद्‌को जोखिमलाई मध्यनजर गर्दै गाउँपालिकाको शिक्षा शाखासँग आवश्यक समन्वय गरी विद्यालय तथा शैक्षिक संस्थाको सञ्चालन, विद्यार्थीको सुरक्षा तथा आवश्यक सावधानीका सम्बन्धमा समयानुकूल निर्णय तथा व्यवस्थापन गर्नुहुन,
- विद्यालय भवन, परिसर तथा आवतजावत गर्ने बाटोमा जोखिम देखिएमा विद्यार्थी, शिक्षक तथा कर्मचारीको सुरक्षालाई प्राथमिकतामा राखी आवश्यक सावधानी अपनाउनुहुन,

**स्वास्थ्य संस्था तथा एम्बुलेन्स सेवामा अनुरोधः**

- गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरूलाई आवश्यक औषधि, उपकरण तथा जनशक्तिसहित उच्च तयारी अवस्थामा रहनुहुनर विपद्‌का समयमा आकस्मिक स्वास्थ्य सेवा प्रभावकारी रूपमा उपलब्ध गराउन साथै, पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका एम्बुलेन्सहरूलाई आवश्यक समन्वयका साथ तयारी अवस्थामा राखी तत्काल परिचालन गर्न सकिने व्यवस्था मिलाउनुहुन,

**सुरक्षा निकायमा अनुरोधः**

- सम्भावित बाढी, पहिरो, डुबान तथा अन्य विपद्‌को अवस्थालाई मध्यनजर गर्दै नेपाल प्रहरी, नगर प्रहरी लगायतका सुरक्षा निकायहरूलाई आवश्यक उद्धार सामग्री तथा जनशक्तिसहित उच्च सतर्कता र तयारी अवस्थामा रहन तथा गाउँपालिका, वडा कार्यालय र अन्य सरोकारवाला निकायसँग निरन्तर समन्वय गरी आवश्यक उद्धार तथा सुरक्षा व्यवस्थापनमा सहयोग गर्नुहुन

**यातायात व्यवसायी तथा चालकहरूमा अनुरोधः**

- सम्भावित भारी वर्षाका कारण सडकमा पहिरो, सडक अवरोध तथा अन्य जोखिम उत्पन्न हुन सक्ने भएकाले यस अवधिमा अत्यावश्यक वाहेकका यातायात सेवा सञ्चालन नगर्नुहुन, रात्री कालिन यात्रालाई पूर्ण रुपमा रोक्नुहुन,

**नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य संघ तथा अन्य सरोकारवाला निकायमा अनुरोधः**

- सम्पूर्ण सरोकारवाला निकायहरूले सम्भावित विपद्‌को अवस्थामा गाउँपालिका तथा नजिकको प्रहरी निकायसँग निरन्तर समन्वय र सम्पर्कमा रही आवश्यक उद्धार, राहत तथा सहयोगका लागि तयारी अवस्थामा रहनुहुनु,
- अन्त्यमा, सम्भावित विपद्‌बाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न गाउँपालिका, वडा कार्यालय, सुरक्षा निकाय, स्वास्थ्य संस्था, निर्माण व्यवसायी, यातायात व्यवसायी, संघ-संस्था, राजनितिक सामाजिक व्यक्तित्वहरु, विभिन्न पेशा तथा व्यवसायसँग सम्बद्ध व्यक्तित्वहरु तथा आम नागरिक सबैको साझा प्रयास, समन्वय र सतर्कता आवश्यक रहेको हुँदा यस विपद्‌को सम्भावित जोखिमप्रति सचेत एवं जिम्मेवार बनी आवश्यक पूर्वतयारी तथा सावधानी अपनाउनुहुन हार्दिक अपिल गर्दछौं।

आपतकालिन सम्पर्क नं.हरू ईलाका प्रहरी कार्यालय रूद्रपुर :९८५७०१४३४४, वडा अध्यक्षहरू : ९८५७०३७१२१, ९८५७०३९९१८, ९८४७२४६२९६, ९८६७३३४७७७, २९८५७०३४०३२

मितिः २०८३ असोज ०८ गते, बिहिबार ।

नवराज ढकाल
गा. पा. अध्यक्ष